जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१ विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ • अंक १५३ • २०८३ साल कार्तिक १० गते मंगलबार (27 October, Tuesday, 2026) • पृष्ठ ४ • मूल्य रु. ५।-

## वडाध्यक्ष सोहेब अनवर पक्राउ



**टुडे समाचारदाता**

सिरहा । सिरहाको गोलबजार नगरपालिका-११ का वडाध्यक्ष सोहेब अनवर सार्वजनिक शान्तिविरुद्धको कसुरमा पक्राउ परेका छन् । जिल्ला प्रहरी कार्यालय सिरहाले घटनामा संलग्न रहेको आरोपमा खोजी गरिरहेका अनवरलाई आइतबार राति गोलबजार क्षेत्रबाट पक्राउ गरेको छ ।

सिरहा प्रहरीले अनवरलाई पक्राउ गरी घटनासम्बन्धी अनुसन्धान अघि बढाएको जनाएको छ । सिरहा प्रहरीका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक (डीएसपी) रमेशबहादुर पालका अनुसार, उनीविरुद्ध परेको जाहेरीका आधारमा प्रहरीले अनुसन्धान गरिरहेको छ ।

प्राप्त विवरण अनुसार, सुनसरीको देवानगञ्जमा गत साउन १० गते भएको घटनापछि सिरहाको गोलबजारमा साउन १४ गते अर्को घटना भएको थियो । उक्त घटनामा वडाध्यक्ष अनवरको संलग्नता रहेको आरोप लगाइएको छ ।

गोलबजारमा भएको घटनाका क्रममा दंगा भड्काउने, तोडफोड गर्ने तथा आगजनीका गतिविधिमा अनवरको मुख्य भूमिका रहेको दाबी गर्दै 'हिन्दु सम्राट सेना' नामक संस्थाले प्रहरीमा जाहेरी दिएको थियो । सोही जाहेरीका आधारमा प्रहरीले उनीमाथि अनुसन्धान प्रक्रिया अघि बढाएको छ ।

यद्यपि, जाहेरीमा लगाइएका आरोप पुष्टि भइसकेका छैनन् । घटनामा अनवरको वास्तविक भूमिका के थियो भन्ने विषय प्रहरी अनुसन्धानबाट खुल्न बाँकी छ ।

सिरहा प्रहरीका अनुसार, अनवरविरुद्ध परेको जाहेरी दर्ता गरी आवश्यक कानुनी प्रक्रिया पूरा गरिएको थियो। त्यसपछि सिरहा जिल्ला अदालतबाट पक्राउ अनुमति लिएर प्रहरीले उनको खोजी सुरु गरेको थियो ।

तर पक्राउ अनुमति प्राप्त भएपछि पनि उनी लामो समयसम्म प्रहरीको सम्पर्कमा आएका थिएनन् । प्रहरीले उनको खोजतलास जारी राखेको थियो ।

### मधेशमा नयाँ सत्ता समीकरणको कसरत

# सरकार गठनका लागि एमाले-जसपा-जनमतबीच संवाद जारी

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारबाट बाहिरिएको नेकपा एमालेले नयाँ सरकार गठनका लागि जनता समाजवादी पार्टी (जसपा) नेपाल र जनमत पार्टीसँगको छलफललाई तीव्रता दिएको छ । तीनै दलबीच नयाँ गठबन्धन बनाएर सरकार गठन गर्ने विषयमा सकारात्मक संवाद भइरहेको नेताहरूले बताएका छन् ।

एमालेले वर्तमान सरकारले विगतमा भएका सहमति कार्यान्वयन नगरेको र जनताले सरकारको कामको अनुभूति गर्न नसकेको भन्दै समर्थन फिर्ता लिएको जनाएको छ । एमालेका मधेश प्रदेश संसदीय दलका नेता सरोजकुमार यादवले अब अन्य दलसँग सहकार्य गरेर नयाँ सरकार गठनको प्रयास भइरहेको जानकारी दिए ।




पूर्वमुख्यमन्त्रीसमेत रहेका नेता सरोजकुमार यादवले मुख्यमन्त्री कृष्णप्रसाद यादव नेतृत्वको सरकारमा चार-पाँच महिना सहभागी हुँदा पनि सहमति कार्यान्वयन नभएकाले सरकारबाट बाहिरिनुपरेको दाबी गरे । एमालेले सरकारको कामप्रति जनस्तरबाट गुनासो बढेको निष्कर्ष निकालेको उनको भनाइ छ ।

एमाले नेता यादवले पार्टी अध्यक्ष केपी शर्मा ओली र जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवबीच केन्द्रमा नयाँ सरकार गठनबारे एक चरणको छलफल भइसकेको दाबी गर्दै त्यसलाई सकारात्मक रूपमा लिइएको बताए । प्रदेश तहमा पनि जसपा र जनमत पार्टीसँग संवाद भइरहेको उनले जानकारी दिए ।

उनले भने, 'अहिलेसम्मको छलफलमा जसपा र जनमत पार्टी एमालेसँग मिलेर सरकार गठन गर्न सकारात्मक देखिएका छन् । तर, अन्तिममा के हुन्छ, त्यो हेर्न बाँकी छ ।'

चाडपर्व सकिएपछि तीन दलबीच सहमतिमा पुग्ने गरी छलफल अघि बढाइने उनले बताए । संविधानको धारा १६८ को उपधारा (२) अनुसार सरकार गठन हुन सक्ने सम्भावनालाई ध्यानमा राखेर गृहकार्य भइरहेको पनि उनले उल्लेख गरे । यद्यपि, नयाँ सरकारको नेतृत्व कुन दलले गर्ने भन्ने विषयमा औपचारिक छलफल भइनसकेको उनको भनाइ छ ।

जसपा नेपालका मधेश प्रदेश संसदीय दलका नेता सरोजकुमार यादवले पनि एमाले, जसपा र जनमत पार्टी मिलेर नयाँ सरकार गठन गर्ने विषयमा छलफल भइरहेको पुष्टि गरे । पूर्वमुख्यमन्त्रीसमेत रहेका जसपा नेपालका नेता सरोजकुमार यादवका अनुसार तीनै दलका अध्यक्षबीच केन्द्रबाटै सहमति जुटाउने समझदारी बनेको छ ।

उनले प्रदेशसभामा आफ्नो दल सबैभन्दा ठूलो भएकाले नयाँ सरकारको नेतृत्व जसपाले पाउनुपर्ने दाबी गरे । 'केन्द्रबाटै तीनै दलका अध्यक्ष बसेर विषय टुंग्याउने सहमति भएको छ । अबको केही दिनमा यसबारे निर्णय हुन्छ,' उनले भने ।

जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव काठमाण्डु फर्किएपछि सरकार गठनबारे सहमति जुटाउने प्रयास अघि बढ्ने उनले बताए । वर्तमान सरकार २९ गतेसम्म कायम रहने र त्यसअघि नै तीन दलबीच सहमति जुटाउने प्रयास गरिने उनको भनाइ छ ।

गत असोज ३० गते एमाले तीनदलीय गठबन्धन सरकारबाट बाहिरिएपछि मधेश प्रदेश सरकार अल्पमतमा परेको छ । यद्यपि, नेपाली कम्युनिस्ट पार्टीले सरकारलाई दिएको समर्थन फिर्ता लिएको छैन ।

१०७ सदस्यीय मधेश प्रदेशसभामा सरकार गठनका लागि कम्तीमा ५४ सांसदको समर्थन आवश्यक पर्छ । प्रदेशसभामा कांग्रेसका २२, एमालेका २३, जसपा नेपालका २७, नेपाली कम्युनिस्ट पार्टी(नेकपा) का १५ र जनमत पार्टीका १२ सांसद छन् । त्यस्तै, संघीय समाजवादी पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीका एक/एक सांसद छन् ।

सिट संख्याका आधारमा एमाले, जसपा र जनमत पार्टीबीच गठबन्धन बनेमा उनीहरूको कुल संख्या ६२ पुग्छ । तीनै दलको सरकार गठनका लागि आवश्यक बहुमतभन्दा आठ जना प्रदेश सांसद बढी हुनेछ ।

तर, तीनै दलबीच सरकार गठनका लागि औपचारिक सहमति भने भइसकेको छैन । नयाँ सरकारको नेतृत्व र शक्ति बाँडफाँटको विषय टुंगिन बाँकी रहेकाले मधेश प्रदेशको आगामी सत्ता समीकरणबारे अझै अनिश्चितता कायम नै रहेको देखिन्छ ।

# अर्थमन्त्री वाग्लेको अभिव्यक्तिले मच्चियो खलबली

**टुडे समाचारदाता**

काठमाण्डू । हालै भारत भ्रमणका क्रममा अर्थमन्त्री स्वर्णिम वाग्लेले दिएको एक अभिव्यक्तिले देशभित्र राजनीतिवृतमा खलबली मच्चिएको छ । एनटीभी वर्ल्ड समिटमा सहभागी हुने क्रममा उनले दिएको 'नेपालमा भारतविरोधी राष्ट्रवादको युग सकियो' भन्ने अभिव्यक्तिका कारण प्रतिपक्ष दलका नेताहरू अर्थमन्त्री वाग्लेको तीव्र आलोचना गर्न थालेका छन् ।




"अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले नयाँ दिल्लीमा 'नेपालमा भारतविरोधी राष्ट्रवादको युग सकियो' भनेर दिएको अभिव्यक्ति गैर कूटनीतिक, असान्दर्भिक र नेपालको स्वाभिमान एवं हितमा आँच पुऱ्याउने खालको छ," नेकपा (एमाले)का नेता एवं पूर्वपरराष्ट्रमन्त्री प्रदीप ज्ञवालीले सामाजिक सञ्जालमा लेखेका छन् ।

ज्ञवालीले विदेशी भूमि कुनै पनि सरकारी अधिकारीका निम्ति आफ्नो मुलुकको राजनीतिका आन्तरिक मतभिन्नताबारे बोल्ने थलो नभएको स्पष्ट पारेका छन् ।

"नेपालमा कहिल्यै 'भारतविरोधी राष्ट्रवादको युग' थिएन । नेपालले जहिल्यै सार्वभौम समानता र पारस्परिक हित एवं सम्मानमा उभिएको मित्रतापूर्ण सम्बन्ध चाह्यो र आज पनि त्यही चाहन्छ," ज्ञवालीले भनेका छन्, "कुनै व्यक्ति या समूहविशेषले राख्ने दृष्टिकोण आफैँमा कुनै 'युग' होइन । त्यसले समग्र राष्ट्रको प्रतिनिधित्व पनि गर्दैन ।"

अर्थमन्त्रीले कुन 'युग'को कुरा गरेका हुन् भन्ने स्पष्ट पार्न माग गरेका छन् । ज्ञवालीले नेपाल र भारतका बीचमा धेरै समस्या रहेको उल्लेख गरेका छन् । सीमा समस्या, सुरक्षा छाताको आभास दिने १९५० को सन्धिका कतिपय प्रावधान, अनुदार वाणिज्य नीतिका कारण नेपाली उत्पादनले भारतीय बजारमा प्रवेश पाउन व्यहोर्नुपर्ने झन्झट, बढ्दो व्यापार घाटा, सीमामा बनाइएका एकतर्फी बाँधका कारण बर्सेनि हुने नेपाली भूमि डुबान, नेपालले स्वाभाविकै रूपमा पाउनुपर्ने वैकल्पिक हवाई प्रवेशमार्गमा गरिएको आनाकानीजस्ता समस्या उनले औँल्याएका छन् ।

हरेक सरकारको दायित्व राष्ट्रिय हितको रक्षा गर्नु रहेको उनले जनाएका छन् । समाधानको एक मात्र बाटो यी विषयमा बलियो राष्ट्रिय एकता र सहमति निर्माण गर्नु रहेकामा उनले जोड दिएका छन् ।

"यथार्थलाई ढाकछोप गरेर लिइने तुष्टिकरणको नीतिले राष्ट्रिय हित र स्वाभिमानलाई बलियो बनाउँदैन, बरु तिनमा आँच पुऱ्याउँछ," ज्ञवालीले लेखेका छन् ।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का नेता एवं पूर्वपरराष्ट्रमन्त्री कमल थापाले पनि अर्थमन्त्री वाग्लेको उक्त अभिव्यक्ति आपत्तिजनक रहेको बताएका छन् ।

"नेपाल-भारत सम्बन्धका सन्दर्भमा डा. स्वर्णिम वाग्लेले हालै दिल्लीमा दिनुभएको अभिव्यक्ति आपत्तिजनक मात्र नभई नेपाली राष्ट्रियतामाथिको ठाडो अवमूल्यन हो । नेपालको राष्ट्रवाद कहिल्यै पनि कुनै मुलुकविशेषको विरोधमा टिकेको छैन । विदेशी मञ्चमा पुगेर 'भारतविरोधी राष्ट्रवादको युग सकियो' भन्दै राष्ट्रिय सरोकारका मुद्दालाई कमजोर बनाउने उहाँको तर्क पूर्णतया गैरजिम्मेवार छ," थापाले सामाजिक सञ्जालमा लेखेका छन् ।

सानो समूहको केही अपवादमूलक धारणालाई लिएर सिंगो मुलुकको राष्ट्रिय भावनालाई संकुचित देख्नु वाग्लेको पूर्वाग्रही चस्माको उपज भएको ठहर थापाको छ । नेपालको राष्ट्रियता आफ्नो देशको सार्वभौमिकता र नेपाली जनताको हितको रक्षामा केन्द्रित रहेको उनले जनाएका छन् । थापाले वाग्लेको भनाइलाई 'के सरकारको धारणा यही हो ? भनेर प्रश्न समेत गरेका छन् ।

एमालेका नेता एवं पूर्वमन्त्री गोकुल बास्कोटाले पनि अर्थिमन्त्री वाग्लेको अभिव्यक्तिप्रति आपत्ति जनाएका छन् । "अर्थमन्त्री वाग्ले जब भारत पुग्छन्, तब नेपाल राष्ट्रविरुद्ध छाद्छन् । 'नेपाली राष्ट्रवाद भनेको भारतको विरोध हो, त्यो अब रहेन' भन्ने भाष्य नै राष्ट्रवाद र राष्ट्रिय हितसम्बन्धी राजनीतिक, कूटनीतिक, ऐतिहासिक रूपमा आफ्नै बौद्धिक ज्ञानको टाट पल्टाइ हो," बास्कोटाले भनेका छन् ।

अर्थमन्त्रीको अभिव्यक्तिले प्रधानमन्त्री वालेन्द्र शाह (बालेन)को प्रस्तावित भारत भ्रमणका क्रममा सीमा विवादका विषयमा छलफल होला/नहोला भन्ने आशंका पैदा गरेको उनले उल्लेख गरेका छन् । एमालेकै अर्का नेता राजन भट्टराईले पनि अर्थमन्त्री वाग्लेको अभिव्यक्तिप्रति आपत्ति जनाएका छन् । नेपालको हितमा बोल्नु 'उग्र राष्ट्रवाद' र भारतविरोधी दुवै नहुने उनले धारणा राखेका छन् ।

सन् १९५० मा नेपाल आधुनिक युगमा प्रवेश गरेदेखि नै नेपालको हितसँग सम्बन्धित कुनै विषय उठाउनेबित्तिकै त्यसलाई सहजै उग्र राष्ट्रवाद वा 'भारत विरोध'को संज्ञा दिने गरिएको भट्टराईको भनाइ छ ।

"नयाँ दिल्लीमा बसेर नेपालबारे लेख्ने वा बोल्ने कतिपयले देशभक्त नेपालीहरूमाथि लगाउने आरोप हो यो । अब नयाँ दिल्लीकाहरूले मात्र होइन, यताबाट उता गएर नयाँ दिल्लीकै भाष्य बोल्नेहरूले पनि त्यही आरोप लगाउन थालेका छन्," भट्टराईले भनेका छन् ।

उनले 'के नेपालको दक्षिणी सीमामा भारतले संरचना निर्माण गरेका कारण वर्षायामको बाढीको पानी दक्षिणतर्फ सहज रूपमा बग्न नपाउँदा हाम्रो भूभाग डुबानमा पऱ्यो भन्नु भारतको विरोध हो ?' भनेर अर्थमन्त्रीलाई प्रश्न समेत गरेका छन् ।

"के हाम्रा कृषिजन्य उत्पादनहरू–अलैंची, चिया, जुटलगायतका वस्तुहरू–द्विपक्षीय सहमतिअनुसार विनाअवरोध भारतीय बजारमा निकासी हुन पाउनुपर्छ भन्नु हाम्रो राष्ट्रिय हितको पक्षमा बोल्नु हो कि भारतको विरोध गर्नु हो ?" भट्टराईको प्रश्न छ ।

सत्तारूढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसद राजीव खत्रीले भने अर्थमन्त्री वाग्लेको अभिव्यक्तिको बचाउ गरेका छन् । छिमेकीलाई गाली गरेर राजनीति गर्ने जमाना गएको भन्दा कसरी देशविरुद्ध हुन्छ ? भनेर उनले प्रश्न गरेका छन् । "अनि के 'भारतलाई गाली गरौँ, राष्ट्रियता जोगाऔँ' भन्नुपर्ने थियो ?" उनको प्रश्न छ ।





**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ। जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# ढल्केवरमा ट्रमा अस्पताल आवश्यक

पूर्व-पश्चिम लोकमार्गको ढल्केवर अत्यन्त चर्चित र विकासोन्मुख सहर हो। पूर्व र पश्चिमको करिब मध्यमा पर्ने ढल्केवरमा ट्रमा सेन्टर(अस्पताल) खोल्ने विगतमा संघीय सरकारले निर्णय गरेको थियो। संघीय सरकारले गरेको निर्णयलाई वर्तमान संघीय सरकारले उल्टाउने चर्चा शुरु भएसँगै विवाद हुन थालेको छ। स्वास्थ्य मन्त्री निशा मेहताले लहानमा ट्रमा सेन्टरको शिलान्यास गरेपछि विवाद झन् चुलिएको छ। ढल्केवरबाट ट्रमा सेन्टरलाई सारेर लहानमा उनले शिलान्यास गरेको विरोधमा ढल्केवरका स्थानीयहरुले राजमार्ग अवरुद्ध गरेका थिए। पछि सरकारले सहमति गरी ढल्केवरमा पनि ट्रमा सेन्टर बनाउने प्रतिबद्धता दोहऱ्याएका थिए। तर हालसम्म ढल्केवरमा ट्रमा अस्पतालको निर्माण अलपत्र नै परेको छ। ट्रमा अस्पताल ढल्केवरमा निर्माण भए पूर्व-पश्चिम लोकमार्गमा हुने सवारी दुर्घटनाका घाइतेहरुलाई उपचारका लागि ल्याउन सहज हुने देखिन्छ। हुन त अस्पताल सबै ठाउँमा आवश्यक छ। नेपालको पूर्वदेखि पश्चिम जोड्ने पूर्व-पश्चिम लोकमार्ग सर्वाधिक लामो राजमार्ग हो। त्यसकारण सर्वाधिक सर्वाधिक दूर्घटनाको संख्या पनि त्यसै राजमार्गमा हो। सडक दूर्घटनामा परेका मानिसहरुले समयमै उपचार पाए बाच्ने सम्भावना बढी हुन्छ। त्यसकारण ट्रमा सेन्टर(अस्पताल) को संख्या पनि पूर्व-पश्चिम राजमार्गमा बढी नै हुनुपर्छ। लहानमा ट्रमा अस्पताल स्थापना हुनु पनि आवश्यक छ। तर ढल्केवरमा पनि उतिकै आवश्यक छ। ढल्केवरमा ट्रमा अस्पताल निर्माण गर्ने निर्णय राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) नेतृत्वको भन्दा पहिलेको सरकारले नै गरेको थियो। तर वर्तमान स्वास्थ्य मन्त्री निशा मेहताले ढल्केवरमा निर्माण हुने ट्रमा अस्पताललाई नै सारेर लहानमा निर्माण गर्न लागेको खबर व्यापक फैलिएको थियो। त्यो अन्यले भन्दा स्वयं मन्त्रीले नै बोलेपछि फैलिएको थियो। लहानमा अस्पताल निर्माणको लागि शिलान्यास पनि भइसकेको छ। ढल्केवरमा अस्पताल निर्माण हुनुपर्ने अडान स्थानीयवासीको कायमै छ। सरकारका मन्त्रीहरुले पनि अस्पताल ढल्केवरमा निर्माण हुने वचन दिन थालेका छन्। तर अस्पताल निर्माण नभएसम्म स्थानीयले विश्वास गर्ने आधार पनि छैन। अस्पतालको निर्माणले बिरामीको उपचारसँगै आर्थिक लगायतका गतिविधिमा पनि बृद्धि हुने गर्छ। राम्रा अस्पताल रहेको स्थानको आर्थिक विकास पनि भएको पर्याप्त उदाहरणहरु छन्। धनुषा जिल्लाको ढल्केवर विकासको प्रचुर सम्भावना बोकेको सहर हो। तर राज्यको बक्रदृष्टिको कारण ढल्केवर हालसम्म ओझेलमा परेको छ। प्रदेश सरकारले पनि विकासको प्राथमिकतामा ढल्केवरलाई राखेको छैन। स्थानीय सरकारले पनि केन्द्र रहेको ढल्केवरलाई नै उपेक्षा गरेको छ। ढल्केवरलाई विकास गर्न सकिए समग्रमा मधेश प्रदेशको विकासमा टेवा पुग्नेछ। ढल्केवर रहेको मिथिला नगरपालिकामा धेरै उद्योगधन्धाहरु छन्। धनुषा जिल्लाको सर्वाधिक उद्योग धन्धाहरु मिथिला नगरपालिकामा रहेका छन्। त्यसकारण पनि ढल्केवरमा ट्रमा अस्पताल आवश्यक छ।

# शेयर बजार घट्नुपर्ने कारण छ र?



**रिसव गौतम**

शेयर बजारमा मूल्य घट्नु भन्दा पनि लगानीकर्ताको मनोबल घट्नु ठूलो समस्या हो। खासगरी अहिलेको अवस्था त्यस्तै हो। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को नयाँ सरकार बनेयताको सुरुवाती कदम र कार्यशैलीले आवरणमा शेयर बजारमा त्रासत्री छरेको देखिन्थ्यो। तर समयक्रममा घटित घटनाहरु, अर्थतन्त्रमा देखिएका समस्या, गतिहिनता, थुप्रिएका जनअपेक्षा र सरकारको पनि बढ्दो परिपक्कता एवं अनुभवले बजारमैत्री माहौल सिर्जना दबाब पुग्यो। फलत सरकारले यसबीच शेयर बजारका लागि थुप्रै नीतिगत सुधारको प्रयास गर्यो।

यसबीच ब्यवसायीको मनोवल बढाउने, शेयर लगानीकर्ताको मनोवल बढाउने गरि नीतिगत सुधारहरु भएका छन्। शेयर बजारमा सुचकृित धेरैजसो बाणिज्य तथा विकास बैंक, फाइनान्स कम्पनी, लघुवित्त कम्पनीहरु, म्युचुअल फण्डहरु, कतिपय उर्जा कम्पनीहरुले पनि केही न केही लाभासं बाड्न सफल रहे। त्यसमा सरकारले गरेको नीतिगत सुधारको प्रभाव रह्यो।

खासगरी शेयरको मूल्य घट्दा लगानीकर्ताले सम्पत्ति गुमाउँछन्, तर विश्वास घट्दा बजारमा पैसा भएर पनि कारोबार हुँदैन। अवसर देखिएर पनि लगानीकर्ता पर्ख र हेरको अवस्थामा बस्छन्। नेपालको शेयर बजारले पछिल्ला केही महिना यही मनोविज्ञान भोगेको छ।

२०७८ भदौमा नेप्से परिसूचक ३ हजार १९८ विन्दुको ऐतिहासिक उचाइमा पुगेपछि सुरु भएको गिरावटले लगानीकर्तालाई लामो समयसम्म निराश बनायो। त्यतिबेला उच्च ब्याजदर (कर्जाको ब्याजदर १२ प्रतिशत बढी), तरलता अभाव, नीतिगत अन्योल र कमजोर मनोबल बजारका प्रमुख चुनौती बने। जेनजी आन्दोलन पछि भएको निर्वाचनको म्यान्डेट अनुसार नयाँ सरकार गठन हुँदा भने बजारमा फेरि आशा पलाएको थियो। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) नेतृत्वमा बालेन्द्र शाह सरकार बनेपछि राजनीतिक स्थिरता, आर्थिक सुधार र लगानीमैत्री नीतिको अपेक्षा गरिएको थियो। तर सरकार गठन हुनु अघि ३ सर्क्रिट ब्रेक हानेको बजारले नयाँ सरकार बनेर काम सुरु गर्दैगर्दा अचाक्ली घट्न सुरु गर्यो। खासगरी सरकारले विचौलिया, माफिया तथा भष्ट्रहरुलाई कार्वाहीको डण्डा चलाउने भएपछि बजार त्रस्त बन्यो। केही पात्रहरु शेयर बजारमा त्यस्तै पनि थिए। जो सोझासिधा लगानीकर्ताहरुका लागि घातक थिए। तिनलाई सरकारले कार्वाही गरेर बजारलाई सफा गर्ने प्रयास यसबीच गर्यो। र, अहिले त्यो बेला होस् उडेको शेयर बजारको मनोबल फर्काउने अनेक प्रयासमा सरकार लागिरहेको छ।

वास्तम्बमा शेयर बजार अलिअलि डा बाबुराम भटराइले भन्याजस्तै पनि हो। यो एउटा उन्मुक्त पुँजीवादको औजार समेत हो। करिव २१ प्रतिशत निरपेक्ष गरिवी रहेको, १७ जिल्लाका लाखां लाखै जनता अझै खान लगाउन नपाएर मौसमी भोकमरी झेलिरहेको देशमा मुद्राको कारोवारको व्यवसायिक रोदनलाई सरकारको प्रमुख प्राथमिकताको विषय नहुनु स्वभाविक हो।

तरपनि देशमा उदारीकरण, नीजिकरण, विश्वव्यापिकरण लगायत पुँजीवादी ब्यवस्थाका महत्वपुर्ण औजार लागु छन्। विकास र सम्बृद्धि, उन्नतीको लागि पुँजीवाद आवश्यक नै छ। सन्तुलन विगारेर गरिने नीतिगत छाडापन, सामाजिक न्याय वेगरको राज्य ब्यवस्था कत्ति पनि उचित छैन। त्यसकारण चरम पुँजीवाद, नवउदारवाद हैनकि सन्तुलन सहितको, समाजिक न्यायसहित पुँजीवाद आजको आवश्यकता हो। त्यहाँ शेयर बजार पनि हुन्छ। र, त्यो बजारमा राष्ट्रिय पुँजीपती बर्गको पक्कड हुनुपर्छ। सोझासिधा लगानीकताहरुले पनि मौलाउने मौका पाउनु पर्छ। त्यसकारण बालेन सरकारले आफनो सुरुवाती दिनहरुमा दलाल, माफिया टाइपका ठगहरुलाई सफा गर्ने प्रयास गर्यो। त्यसलाई कसरी नराम्रो भन्ने र ? तर, अब भने सरकार बजारलाई उत्साहप्रद र लगानीको असली पेल्टफर्म बनाउन लागिपर्नुपर्छ।



सुरुवाती ६ महिनामा बजारले अपेक्षित गति लिन नसके पनि सरकारले पुँजी बजार सुधारका लागि अघि सारेका कदमले नयाँ आशा छरेको छ। अब प्रश्न बजार किन घट्यो भन्ने मात्र होइन, सुधारका लागि अघि सारिएका नीतिले आगामी दिनमा कस्तो परिणाम दिन सक्छन् भन्ने पनि हो।

### सुधारको संकेत, सम्भावनाको ढोका

सरकारले पुँजी बजारलाई चलायमान बनाउने उद्देश्यसहित २१ बुँदे कार्ययोजना सार्वजनिक गरेको छ। यसमा प्राथमिक सेयर निष्कासन (आईपीओ) प्रक्रियालाई सहज बनाउने, नेपाल स्टक एक्सचेन्ज (नेप्से) को पुनर्संरचना गर्ने, नयाँ सूचकांक विकास गर्ने, गैरआवासीय नेपालीलाई दोस्रो बजारमा सहभागी गराउने तथा मार्जिन कारोबार लगायतका उपकरणका लागि कानुनी आधार तयार गर्ने विषय समेटिएका छन्।

पुँजीगत लाभकरमा (१० प्रतिशतबाट ५ प्रतिशत) कटौती र लगानीकर्ताले लामो समयदेखि उठाउँदै आएका माग सम्बोधन गर्ने प्रयासले पनि बजार क्रमश सकारात्मक अपेक्षा सिर्जना गर्न सक्छ। सो कार्ययोजना सार्वजनिक भएपछि नेप्से एकैदिन ४८.५७ अंकले बढेको र कारोबार रकम ८ अर्ब २९ करोड रुपैयाँ पुगेको विवरणले नीतिगत संकेतले लगानीकर्ताको मनोविज्ञानमा प्रभाव पार्न सक्ने देखाएको थियो।

यद्यपी यी सबै सुधार कार्यान्वयन भइसकेका होइनन्। तर बजारको संरचना सुधार्ने, लगानीका नयाँ उपकरण भित्र्याउने र लगानीकर्ताको सहभागिता विस्तार गर्ने योजना अघि बढ्नु आफैँमा महत्त्वपूर्ण संकेत हो। अब यसको सफलता घोषणामा होइन, कार्यान्वयनमा मापन हुनेछ।

### अर्थतन्त्र र शेयर बजार

शेयर बजार अर्थतन्त्रबाट अलग छैन। यो अर्थतन्त्रको ऐना नै हो। बैंकको ब्याजदर, कर्जा प्रवाह, निजी क्षेत्रको लगानी, उपभोग र कम्पनीहरूको नाफाले बजारको दिशा प्रभावित गर्छन्। ब्याजदर तुलनात्मक रूपमा न्यून रहँदा वैकल्पिक लगानीको खोजी बढ्न सक्छ। अहिले वित्तीय प्रणालीमा करिव १५ खर्ब बढी रकम लगानीका लागि उपलब्ध रहेको त्थ्याकं छ। ती स्रोत उत्पादन, व्यापार, पर्यटन, ऊर्जा र पूर्वाधारमा परिचालित भए आर्थिक गतिविधि विस्तार हुनसक्छ।

आर्थिक गतिविधि बढ्नु भनेको कम्पनीहरूको कारोबार र आम्दानी बढ्ने सम्भावना पनि हो। अहिले चाडबाडको मौसम छ। दशैं तिहार, छठ जस्ता पर्वहरुमा नेपालमा १५ खर्ब हाराहारी व्यवसायिक कारोबार हुने विश्लेषण छन्। धेरैजसो उपभोगमा खर्च हुने कारण आन्तरिक भन्दा बाह्य आयातबाट आउने वस्तु तथा सेवाको उपभोग यी पर्वमा बढ्छन्। जे होस् दशैं तिहारले बजार चलायमान हुने, अर्थतन्त्रको चक्रलाई बलियो बनाउने, पैसाको गतिशिलता बढने कारण अर्थतन्त्र केही न केही चलायमान हुन्छ। त्यसरी बजार चलायमान हुँदा शेयर बजारमा त्यसले सकारात्मक प्रभाव पार्दछ। त्यसमाथी नेपाली प्रिमियर लिग (एनपीएल)को तेस्रो संस्करण आजैबाट सुरु हुँदैछ। यस प्रतियोगिताले डेढ अर्ब आर्थिक कारोबार हुने अनुमान गरिएका छन्। चाडवाडको मौसममा हुने यस्ता चर्चित खेल प्रतियोगिताले उपभोक्ता बजार थप चलायमान बनाउनेमा दुइमत छैन। तिहार, छठ, नेपाल संवत जस्ता महान चाड आँउदैछ। त्यसले झन् बजार चलायमान बनाउनेछ। त्यसको प्रत्यक्ष सकारात्मक प्रभाव शेयरमा रहने सम्भावना छन्।

### १० लाखको कारोबारमा डराउनुपर्ने किन?

सम्पत्ति सुद्धिकण सम्बन्धी संशोधित पछिल्ला निर्देशिकालाई लिएर बजारमा केही अफवाह प्रचार गरिएका छन्। तर वास्तम्बमा एकै दिनमा १० लाख रुपैयाँ वा सोभन्दा बढीको सेयर कारोबार हुँदैमा त्यसलाई अवैध वा शंकास्पद मान्न सकिदैन। नविल बैंकका सिइओ मनोज ज्ञावली सहित कतिपय वित्त विश्लेषक र नेस्सेसँग सरोकारवालाले पनि त्यस्तै तर्क गरेका छन्। तोकिएको सीमाभन्दा बढीको कारोबारको विवरण वित्तीय जानकारी इकाइमा पठाउने व्यवस्था हुनु र कारोबार अवैध ठहरिनु फरक विषय हुन्।

वैध स्रोतबाट आर्जन गरेको रकम लगानी गर्दा कारोबारको विवरण प्रतिवेदनमा पर्नसक्ने भएकै कारण लगानीकर्ता डराउनुपर्ने हुँदैन।

सम्पत्ति शुद्धीकरण निवारणको उद्देश्य अवैध रकममाथि निगरानी गर्नु हो, वैध लगानीलाई निरुत्साहित गर्नु होइन। नियमको स्पष्ट व्याख्या र प्रभावकारी कार्यान्वयनले वित्तीय पारदर्शिता बढाउँछ। तर नियमबारे गलत बुझाइ फैलियो भने वैध लगानीकर्ता अनावश्यक रूपमा त्रसित हुन सक्छन्। त्यसैले नियमनसँगै सही सूचना प्रवाह उत्तिकै महत्त्वपूर्ण छ। जुन चाँही शेयर बजारको लागि सही कदम हुन्।

### अब बजार घट्ने कारण छ र?

बजार घट्ने सम्भावना पूर्ण रूपमा समाप्त भएको दाबी गर्नु उचित हुँदैन। बाह्य आर्थिक धक्का, कमजोर कम्पनीको वित्तीय अवस्था वा नीतिगत अन्योलले जुनसुकै बेला बजारलाई प्रभावित गर्न सक्छ। तर बजारको विश्लेषण गर्दा जोखिम मात्र होइन, सुधारका आधार पनि हेर्नुपर्छ।

सरकारले पुँजी बजार सुधारको कार्ययोजना अघि सारेको छ। ब्याजदर अत्यन्त न्यून विन्दुमा छ, वित्तीय प्रणालीमा स्रोतको बलियो आधार छ र चाडबाड, खेलकुद, मेला महोत्सव आदिले अर्थतन्त्रलाई चलायमान बनाउने अपेक्षा बढेको छ। अब यी आधारलाई उत्पादन, लगानी, रोजगारी र कम्पनीहरूको नाफा वृद्धिसँग जोड्न सकियो भने बजारको सुधारले बलियो आधार पाउन सक्छ।

सेयर बजारमा सबै कम्पनीको मूल्य एकै गतिमा बढ्दैन। त्यसैले लगानीकर्ताले कम्पनीको आम्दानी, प्रतिसेयर आम्दानी, लाभांश क्षमता र वित्तीय अवस्था हेरेर निर्णय गर्नुपर्छ। सकारात्मक अपेक्षा राख्नु र जोखिमलाई बेवास्ता गर्नु फरक कुरा हुन्। तर नीतिगत कारण र अहिलेको वस्तुगत परिस्थीतिले बजार घटनुपर्ने कारण छैन।

गौतम आर्थिक लेखक तथा विश्लेषक हुन्।

# दाँत किन दुख्छ र रुट क्यानल उपचार किन आवश्यक हुन्छ?

**प्रा. डा. रीमा जोशी प्रधान**

दाँत दुख्नु दन्त चिकित्सककहाँ जाने सबैभन्दा सामान्य कारणमध्ये एक हो। दाँतमा हल्का दुखाइदेखि तीव्र र धड्किने किसिमको पीडासम्म हुन सक्छ। यस्तो दुखाइले दाँत वा वरपरका तन्तुमा कुनै समस्या भएको संकेत गर्छ।

लामो समयसम्म रहने र असह्य दाँत दुखाइको प्रमुख कारणमध्ये दाँतको भित्री भागमा रहेको पल्प (म्भलतवर्ा एगउि अर्थात् दाँतको स्नायु तथा रक्तनलीयुक्त भाग) मा हुने संक्रमण वा सुजन एक हो। यस्तो अवस्थामा दुखाइ कम गर्न र प्राकृतिक दाँत जोगाउन रुट क्यानल उपचार प्रभावकारी विकल्प हुन सक्छ।

डेन्टल पल्प दाँतको सबैभन्दा भित्री भाग हो, जसमा स्नायु, रक्तनली र संयोजी तन्तुहरू हुन्छन्। गहिरो दन्तक्षय, दाँत चर्किनु वा भाँचिनु, चोटपटक लाग्नु वा पटक-पटक दन्त उपचार गरिनुका कारण यसमा संक्रमण वा सुजन हुन सक्छ। यसले अत्यधिक पीडा उत्पन्न गर्न सक्छ।

यसका सामान्य लक्षणमा तातो वा चिसो खानेकुरा खाँदा झमझमाउनु, चपाउँदा दुख्नु, गिजा सुन्निनु तथा कहिलेकाहीँ पीप बग्नु वा मुखमा नराम्रो स्वाद आउनु पर्छन्। कतिपय अवस्थामा दाँतको स्नायु निष्क्रिय भएपछि दुखाइ अस्थायी रूपमा कम हुन सक्छ। तर, दुखाइ कम हुँदैमा संक्रमण निको भएको हुँदैन। संक्रमण भित्रभित्रै फैलिन सक्छ।

रुट क्यानल उपचार भनेको दाँतको संक्रमित वा क्षतिग्रस्त दन्तमज्जा हटाउने, दाँतका जराभित्र रहेका नलीहरू सफा गरी संक्रमणमुक्त बनाउने र त्यसपछि तिनलाई उपयुक्त पदार्थले भरेर बन्द गर्ने उपचार विधि हो। यसले संक्रमण फैलिनबाट रोक्न र प्राकृतिक दाँत जोगाउन मद्दत गर्छ। यो उपचार नगरिएमा अन्ततः दाँत निकाल्नुपर्ने अवस्था आउन सक्छ।



### रुट क्यानल उपचारबारे भ्रम र वास्तविकता

धेरै मानिस पुराना गलत धारणा र अरूले सुनाएका अतिरञ्जित अनुभवका कारण रुट क्यानल उपचारसँग डराउँछन्। तर, आधुनिक प्रविधिबाट गरिने रुट क्यानल उपचार प्रभावकारी हुन्छ र सामान्यतया उपचारका क्रममा हुने पीडालाई स्थानीय एनेस्थेसियाको सहायताले नियन्त्रण गर्न सकिन्छ।

उपचारका क्रममा दन्त चिकित्सकले स्थानीय एनेस्थेसिया (लट्याउने औषधि) प्रयोग गरी उपचार गरिने भागलाई लाटो बनाउँछन्। त्यसैले यो उपचार सामान्य फिलिङ गर्दा हुने अनुभवजस्तै सहज हुन सक्छ। धेरैजसो बिरामीले उपचारपछि दुखाइबाट राहत पाउँछन्।

उपचारपछि केही असहजता वा हल्का दुखाइ हुन सक्छ, तर यो सामान्यतया अस्थायी हुन्छ। आवश्यकताअनुसार चिकित्सकको सल्लाहमा उपयुक्त दुखाइ कम गर्ने औषधिबाट यसलाई नियन्त्रण गर्न सकिन्छ।

रुट क्यानल उपचार पूरा गर्न दाँतको अवस्था र समस्याको जटिलताअनुसार एक वा एकभन्दा बढी पटक अस्पताल वा क्लिनिक जानुपर्ने हुन सक्छ। जराका नलीहरू सफा गरी बन्द गरेपछि दाँतको मजबुती, आकार र स्वरूप पुनःस्थापित गर्न प्रायः क्राउन (दाँतको खोल वा क्याप) राखिन्छ।

उपचारपछि नियमित रूपमा दाँत माझ्ने, दाँतको बीचमा रहेको फोहोर सफा गर्ने र समय-समयमा दन्त परीक्षण गराउने हो भने रुट क्यानल उपचार गरिएको दाँत लामो समयसम्म टिक्न सक्छ। उचित हेरचाह र आवश्यक पुनःस्थापनाले कतिपय अवस्थामा दाँत जीवनभर पनि टिक्न सक्छ।

### दााँत दुखेमा समयमै उपचार गराउनुहोस्

दाँत दुख्ने समस्यालाई बेवास्ता गर्नु हुँदैन। उपचारमा ढिलाइ गर्दा संक्रमण बढ्न सक्छ र दाँतको जराको वरिपरि पीप जम्ने (डेन्टल एब्सेस), हड्डीमा क्षति पुग्ने वा गम्भीर अवस्थामा संक्रमण शरीरका अन्य भागसम्म फैलिने जोखिम हुन सक्छ।

समयमै उपचार गराउँदा समस्यालाई प्रारम्भिक अवस्थामै नियन्त्रण गर्न सकिन्छ। यसले उपचारलाई तुलनात्मक रूपमा सरल बनाउन र थप जटिल उपचारको आवश्यकता कम गर्न मद्दत गर्छ।

**ज्योतिष-मार्गदर्शन**
**प्रसिद्ध ज्योतिषगुरु ई बिबेक**

| | |
|---|---|
| मेष : | स्वास्थ्यमा समस्या हुनेछ। शिक्षामा ढिलासुस्ती हुनेछ। |
| वृष : | ठुला व्यक्तिसंगको भेटले मन शान्त बन्नेछ। |
| मिथुन : | शुभकार्यमा सहभागी हुने अवसर मिल्ने छ। |
| कर्कट : | महत्वपूर्ण काममा सफलता मिल्ने दिन छ। |
| सिंह : | धार्मिक कार्यमा सहभागी भएर दिनको सुरुवात गरेमा दैनिकी सहज बन्नेछ। |
| कन्या : | अरुको झगडाले तपाईलाई फाइदा हुनेछ। |
| तुला : | राज्यको तर्फबाट सेवाको अवसर मिल्ने छ। |
| वृश्चिक : | आज पढाइमा रुचि बढ्ने योग छ। |
| धनु : | अरुको गलत निर्णयको फन्दामा पर्ने जोखिम छ। |
| मकर : | हरेक क्षेत्रमा प्रगति हुनेछ। |
| कुम्भः | साथीभाइसंगको भेटले मनमा खुशी मिल्ने छ। |
| मीनः | शिक्षाको लगानीबाट फाइदा हुनेछ। परिवारसंगको सम्बन्ध सुमधुर बन्नेछ। |

**गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी**
**9812005378**



## महत्वपूर्ण टेलिफोन नम्बरहरू

**जनकपुरधाम ०४१**

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वेको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे

दिउँसो :- ११:४५ बजे

बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे

दिउँसो :- १३:४५ बजे

बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

## एनपिएल नेपाली खेलकुदको उत्सवः प्रधानमन्त्री साह



काठमाण्डु । प्रधानमन्त्री बालेन्द्र साहले नेपाल प्रिमियर लिग (एनपिएल) केही वर्षमै नेपाली खेलकुदको ठूलो उत्सवका रूपमा स्थापित भएको उल्लेख गर्नुभएको छ ।

सोमबारदेखि शुरु हुन लागेको एनपिएलको तेस्रो संस्करणका अवसरमा उहाँले सामाजिक सञ्जालमार्फत सफलताको शुभकामना व्यक्त गर्नुभयो ।

प्रधानमन्त्री साहले भन्नुभएको छ, "एनपिएलमा सहभागी हुन आउनुभएका सबै अन्तरराष्ट्रिय खेलाडी तथा 'कमेन्टेटर'लाई हार्दिक स्वागत गर्दछु । यस सुन्दर खेल उत्सवको सफलताका लागि सम्पूर्ण नेपाली खेलाडी, आयोजक तथा नेपाल क्रिकेट सङ्घ (क्यान) लाई हार्दिक शुभकामना ।"

एनपिएलको उद्घाटन खेल आज साँझ ५:०० बजेदेखि शुरु हुँदैछ । यसमा दोस्रो संस्करणको विजेता लुम्बिनी लायन्स र उपविजेता सुदूरपश्चिम रोयल्स भिड्दैछन् । रासस

# कसले सुनिदिने किसानका पीडा ?



सर्लाही । उन्नत ढङ्गले कृषि कर्म गर्न सकेमा रोजगारीका लागि विदेश जानुभन्दा आफ्नै माटोमा राम्रो आम्दानी गर्न सकिन्छ भन्ने उदाहरण बन्नुभएको छ हरिवन नगरपालिका-४, सासापुरका महमद अकबर अन्सारी । वैदेशिक रोजगारीका लागि कतार र साउदी अरेबिया पुगु भएको अन्सारी अहिले आफ्नै गाउँमा व्यावसायिक गोलभैंडा खेती गरिरहनु भएको छ ।

पछिल्लो आठ वर्षदेखि व्यावसायिक रूपमा गोलभैंडा खेती गर्दै आउनु भएको उहाँले प्रशस्त आम्दानी पनि गरिरहनु भएको छ । उहाँले यस वर्ष पनि सात बिघा क्षेत्रफलमा गोलभैंडा लगाउनुभएको छ । अन्सारीको अनुभव केवल निर्वाहमुखी खेतीको कथा होइन । व्यावसायिक खेतीबाट मनग्य आम्दानी गरेको उहाँको दाबी छ ।

उहाँका अनुसार गते वर्ष १० बिघामा गोलभैंडा खेती गरेर रु ७५ लाखभन्दा बढीको उत्पादन लिनुभयो । त्यसबाट आफूले रु ५० लाखभन्दा बढी मुनाफा आर्जन गरी घरखर्चका साथै घरको तल्ला थप्नेदेखि र जग्गा जोड्न सफल भएको बताउनुभयो । अन्सारीको कथा एउटा महत्वपूर्ण प्रश्नको उत्तर पनि हो । यदि कृषि ज्ञान, बजार, प्रविधि, लगानी र व्यवस्थापनको उचित व्यवस्थापन भयो भने नेपालमै कृषिबाट सम्मानजनक आम्दानी गर्न सक्छन् ।

अर्का किसान बागमती नगरपालिका-११, का नीलकण्ठ देवकोटाले २५ बिगाहा क्षेत्रमा व्यावसायिक उखु खेती गर्नुभएको छ । उहाँले आफूसँग भएको बाहेक झण्डै २० बिगाहा बढी खेत भाडामा लिएर खेती गरिरहनु भएको छ । प्रविधिको प्रयोगबाट सहज रूपमा खेतीपाती गर्न सकिएको उहाँको भनाइ छ । त्यसबाट मनग्य आम्दानी पनि भइरहेको बताउनुभयो तर समयमा रासायनिक मलखाद र बीउबिजनको अभाव हुने गरेको उहाँको अनुभव छ ।

सर्लाहीमा भइरहेको कृषि कर्म र त्यसका अनुभवले नेपालको कृषि समस्यालाई चित्रित गरेको छ । एकातिर हरिवनका अन्सारी तथा बागमतीका देवकोटाको जस्तै सफलता कमै किसानहरूले पाएका छन् । बरहथवा नगरपालिका-५, हात्तीडण्डाका किसान मुकेश महतो अत्यधिक वर्षा र सस्तो बजार मूल्यका कारण हरियो तरकारी खेतीमा लागत समेत उठाउन मुस्किल परेको गुनासो गर्नुहुन्छ । हरियो तरकारी सञ्चिती गरेर राख्न नसकिने भएकाले मूल्य घटेको समयमा पनि लगानी पनि नउठ्ने मूल्यमा बेच्नुपरेको उहाँको भनाइ छ ।

बीउ, मल, विषादी, सिँचाइ, मजदुर, ढुवानी र अन्य खर्चको तुलनामा उत्पादित तरकारीको मूल्य नपाउँदा किसान मर्कामा परेको उहाँको दुःखेसो छ । कहिले तरकारीको मूल्य आकासिँदा उपभोक्ता महँगीको मारमा पर्ने गरेका छन् भने कहिले मूल्य घटेर किसानले उत्पादन गरेको तरकारी खेतबाट टिपेर बजारसम्म पुऱ्याउन समेत ऋण खोज्नुपर्ने बाध्यता छ ।

लालबन्दीको थोक तरकारी बजार क्षेत्र हरेक दिन-बिहान झिसमिसेदेखि नै किसान र व्यापारीले भरिभराउ देखिन्छ । यहाँबाट दैनिक करोडौंको तरकारी विभिन्न सहरका लागि रमाना हुन्छन् । विवरणअनुसार किसानले गोलभैंडा, बोडी, सिमी, फूलकोबी, बन्दा, लौका, भन्टा, करेला, काँक्रो, खोर्सानीलगायत विभिन्न तरकारी बिक्री गर्दै आएका छन् ।

लालबन्दी, हरिवन, बागमती, ईश्वरपुर, बरहथवा र चन्द्रनगरलगायत क्षेत्रका किसानका लागि तरकारी खेती आम्दानीको महत्वपूर्ण स्रोत बनेको छ । किसानले उत्पादन गरेको लगानीलाई सुनिश्चित गर्दै स्वचालित मूल्य प्रणाली लागू गरिए किसानको उत्पादनले राम्रो मूल्य पाउने किसानहरूको भनाइ छ ।

छिमेकी देश भारतबाट खुला सीमा हुँदै नेपाल भित्रने फलफूल र तरकारीका कारण स्थानीय उत्पादन सधैं चपेटामा पर्ने गरेको हरिवन नगरपालिका-४, का किसान मुखचन्द्र महतोले बताउनुहुन्छ । किसानले उत्पादन गरेको सामाग्रीले लागतमा भन्दा विचौलियाको तजबिजमा मूल्य पाउनु दुर्भाग्य पूर्ण रहेको उहाँको गुनासो छ ।

किसानले सबैभन्दा ठूलो जोखिम लिएर कृषि उत्पादन गरे पनि बजारमा मूल्य निर्धारण गर्ने शक्ति उसको हातमा हुँदैन । किसानले वर्ष दिन लगाएर उत्पादन गर्छन् तर, त्यसको लागतलाई आधार मानेर मूल्य निर्धारण हुँदैन । सधैं सस्तोमा उखु बेचेर महङ्गोमा चिनी किनेर उपभोग किसानले गर्नुपर्छ । हरेक वर्ष खेतीको लागत बढिरहेको छ । मलखाद सरकारले दिँदैन, कालोबजारीसँग महङ्गोमा किन्नुपर्छ । त्यसमा वर्षौं उधारोमा बेच्नुपर्दा ठूलो नोक्सानी ब्यहोर्नु परेको यहाँका किसानको अनुभवले देखाउँछ ।

कृषि सुधारको अर्थ उत्पादन वृद्धि मात्र नभई किसानको आम्दानी स्थिर बनाउनु पनि हो । यसका लागि कृषि उपज उत्पादनसँगै चिस्यान भण्डारण, प्रशोधन, बजार सूचना, बीमा, सहकारी र मूल्य नीति विकास पनि गर्नुपर्छ ।

खाद्य सुरक्षा भनेको गोदाममा अन्न भण्डारण हुनुलाई मात्र मान्न सकिन्न । अन्न उत्पादन गर्ने किसान, उत्पादन गर्ने जमिन र उत्पादनलाई बजारसम्म पुऱ्याउने प्रणाली सुरक्षित भएमात्र खाद्य सुरक्षा सुरक्षित रहन्छ ।

पछिल्लो समय खेतीलाई कम प्रतिष्ठाको पेशा बनाएका कारण पनि किसानहरू विस्थापित बन्दै गएका छन् । कृषिबाट हुने आम्दानी अनिश्चित भएका कारण यस पेशा कम प्रतिष्ठाको विषय बनेको छ । फसलको उत्पादन लागत धेरै र मुनाफा कम हुँदा यस्तो भएको हुनसक्छ । मल, बीउ र सिँचाइ जस्ता आधारभूत आवश्यक र प्राविधिक साधनको उपलब्धता र मूल्यमा किसानले झेल्नु परेको समस्या पनि महत्वपूर्ण कारण बनेको छ । बजारको अस्थिर मूल्यका कारण ब्यहोर्नु परेको घाटा, कृषि भूमि खण्डीकरण भइरहेको कारण समेत यो पेशाप्रतिको दृष्टिकोण परिवर्तन हुँदै गएको हो ।

युवा पुस्ताले कृषिलाई आधुनिक व्यवसायका रूपमा भन्दा परम्परागत श्रमका रूपमा बढी बुझेका कारण कृषिमा उनीहरूको वितृष्णा बढ्दै गएको स्पष्ट छ । 'उत्तम खेती, माध्यम ब्यापार र निकृष्ट जागिर' यो नेपाली समाजमा केही दशक पहिलासम्म निकै चर्चित कथन थियो तर, अहिले यो कथन व्यवहारतः विलुप्त जस्तै भइसकेको छ । पुर्ख्यौली पेशा छाडेर विदेशी भूमिमा सोही पेशाको लागि किन प्रोत्साहित गरियो ? आफ्नो देशमा यही पेशा निकृष्ट अनि कृषि क्षेत्रमा काम गर्न कोरिया, जापान, इजरायल जान किन तयार छन् युवा ? विदेशमा पुगेर आफ्ना सन्तानले खेतीपाती गरेको पशु खोरमा काम गरेको देख्दा यहाँ आमाबुबालाई किन कुनै पछुतो छैन् ? भन्ने प्रश्न अहिले पेचिलो बनेको छ । फरक यति हो, यहाँ हलो जोत्नु पर्ला भनेको सन्तानले विदेशमा ट्र्याक्टरले जोत्यो ।

प्रविधिसँग जोडियो । यहाँ पनि अब विस्तारै कृषि, पशुपालनमा प्रविधिको विकास हुन थालेसँगै युवा विदेश पलायनलाई रोक्न ठोस प्रयासको खाँचो भएको छ ।

सामाजिक धारणा, कृषि क्षेत्रमा लगानी, अनुसन्धान, प्रविधि र बजार व्यवस्थापनबीच पर्याप्त समन्वय हुन नसकेका कारण कृषिप्रतिको दृष्टिकोण ओझेलमा परेको विज्ञहरूको धारणा छ ।

नेपाली समाजको जीवनशैली, संस्कृति र अर्थतन्त्रको आधारमा कृषि जोडिएको छ तर कृषिप्रधान भनिएको यही देशमा खेतीपाती कम्जोर र दुर्जनले गर्ने पेशाका रूपमा चित्रण हुँदै गयो । कृषि पेशा पुस्तान्तरण गर्न नखोज्दा र परम्परागतबाट व्यावसायिकतातर्फ लैजान नसक्दा कृषि क्षेत्र उपेक्षामा पर्दै गएको जानकारहरू बताउँछन् । रासस

# सभामुख अर्यालसँग अमेरिकी संसदीय प्रतिनिधिमण्डलको भेट



काठमाण्डु । सभामुख डोलप्रसाद (डीपी) अर्यालसँग संयुक्त राज्य अमेरिकाको तल्लो सदनको वेज एण्ड मिन्स कमिटीका सभापति जेसन स्मिथसहितको संसदीय प्रतिनिधिमण्डलले शिष्टाचार भेट गरेको छ ।

त्यस अवसरमा उहाँहरुबीच नेपाल-अमेरिका द्विपक्षीय सम्बन्ध, आपसी सहयोग, आर्थिक साझेदारी, जलवायु परिवर्तनबाट उत्पन्न विपद् व्यवस्थापन तथा संसदीय सहकार्यलगायतका साझा चासोका विषयमा विचार आदानप्रदान भएको सभामुख अर्यालको सचिवालयले जनाएको छ ।

सो अवसरमा सभामुख अर्यालले रसुवा तथा भोटेकोशी बाढीबाट उत्पन्न विपद् व्यवस्थापनका लागि सरकारले हरसम्भव प्रयास गरेको उल्लेख गर्दै विपद्को कठिन घडीमा अमेरिकाले नेपालप्रति देखाएको ऐक्यबद्धता र सहयोगका लागि धन्यवाद ज्ञापन गर्नुभयो ।

सभामुख अर्यालले तान्जानियाको आरुषामा हालै सम्पन्न अन्तरव्यवस्थापिका सङ्घ (आइपियू) को १५३औं महासभामा नेपालका तर्फबाट प्रस्तुत 'जलवायुसम्बन्धी विपद्को सामना गर्न तथा हिमालय क्षेत्र र अन्य जोखिममा रहेका क्षेत्रको उत्थानशीलता सुदृढ गर्न तत्काल संसदीय पहल' विषयक आपत्कालीन एजेन्डा दुई तिहाइभन्दा बढी मतसहित पारित भएको जानकारी गराउनुभयो ।

उहाँले जलवायु परिवर्तनका कारण विपद्को उच्च जोखिममा रहेका क्षेत्रको क्षति न्यूनीकरण, विपद् पूर्वतयारी तथा उत्थानशीलता सुदृढ गर्न अन्तरराष्ट्रिय र अन्तरसंसदीय सहकार्यलाई थप प्रभावकारी बनाउनुपर्नेमा उहाँले जोड दिनुभयो।

सभामुख अर्यालले जलवायुजन्य विपद्को सामना गर्न अनुदानमा मात्र निर्भर नभई आर्थिक तथा प्राविधिक क्षमता भएका राष्ट्रले जिम्मेवारीपूर्वक सहकार्य र सहयोग गर्नुपर्ने धारणा राख्नुभयो ।

नेपाल-अमेरिका सम्बन्धलाई परम्परागत अनुदान सहयोगमा मात्र सीमित नराखी लगानी तथा आर्थिक साझेदारी अभिवृद्धितर्फ अघि बढाउनुपर्ने उल्लेख गर्दै उहाँले नेपालमा लगानीमैत्री वातावरण निर्माण गर्न तथा लगानीकर्ताको मनोबल उच्च राख्न आवश्यक नीतिगत र कानुनी सुधारका लागि प्रतिबद्ध रहेको बताउनुभयो ।

सभामुख अर्यालले अमेरिकी संसद्मा रहेका संसदीय ककस तथा नेपाल-अमेरिका संसदीयमैत्री समूहबीच निरन्तर सहकार्य र संवादलाई अघि बढाउने विश्वास व्यक्त गर्नुभयो । रासस

# महोत्तरीमा ७ लाखभन्दा बढीको अवैध सामान बरामद

**टुडे समाचारदाता**



जलेश्वर । भारतबाट भन्सार छली गरी नेपाल भित्र्याइँदै गरेको खजुर, सुर्ती, तुलसीको पत्तासहित ढुवानीमा प्रयोग गरिएको अटो महोत्तरीबाट सशस्त्र प्रहरीले बरामद गरेको छ ।

सशस्त्र प्रहरी बल, नेपालले बरामद गरेका सामान र अटोसहितको कुल मूल्य ७ लाख २ हजार रुपैयाँ रहेको छ । सशस्त्र प्रहरी बल, नेपाल नं. ९ गण हेडक्वार्टर महोत्तरीबाट खटिएको गाडी मोबाइल टोलीले सोमबार बिहान ६:३० बजे मटिहानी नगरपालिका-७ स्थित भुट्टा गल्लीबाट उक्त सामान बरामद गरेको हो ।

सशस्त्र प्रहरी मधेश प्रदेशका प्रमुख डीआईजी विष्णु भट्टका अनुसार सशस्त्र प्रहरीका एसपी हरि बहादुर गुरुङको कमान्डमा खटिएको सात सदस्यीय टोलीले भारतबाट अवैध रूपमा भन्सार छली गरी ज १ ह ४४२६ नम्बरको अटोमा राखेर नेपालतर्फ ल्याउँदै गरेको अवस्थामा सामान नियन्त्रणमा लिएको हो ।

टोलीले अन्दाजी १ लाख ६० हजार रुपैयाँ मूल्यका ३२ कार्टुन खजुर, २० हजार रुपैयाँ मूल्य बराबरको ४० किलो सुर्ती र ७२ हजार रुपैयाँ मूल्य बराबरका २४० प्याकेट तुलसीको पत्ता बरामद गरेको छ। त्यस्तै, सामान ढुवानीमा प्रयोग गरिएको अटोको मूल्य अन्दाजी ४ लाख ५० हजार रुपैयाँ रहेको सशस्त्र प्रहरीले जनाएको छ ।

सशस्त्र प्रहरीको टोलीलाई देखेपछि अटो चालकले अटो र सामान छाडेर फरार भएको बताइएको छ । बरामद गरिएका सामान र अटोलाई आवश्यक कारबाहीका लागि सम्बन्धित भन्सार कार्यालयमा बुझाउने प्रक्रिया भइरहेको सशस्त्र प्रहरीले जनाएको छ ।


## मोटरसाईकल हरायो

मेरो निम्न ब्यहोरा भएको जिल्ला धनुषा जनकपुरधाम उ.म.न.पा. वडा नं. १, मिल्स एरिया रघुपती पाटी पैलेसको नजिक आफ्नै घरबाट मिति २०८३/०७/०५ गते करिब राति ०२:०० बजे देखि ०३:०० बजे तिर म.प्र. ०२-०१० प ३३७० नम्बरको कालो रातो रंगको ईन्जिन नं. DKXCSG00154 चेचिस नम्बर MD2A13EX3SCG88180 को बजाज कम्पनीको Pulser 220 cc रहेको मोटरसाईकल हराएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी अथवा तलको ठेगानामा खबर गरिदिनु हुन अनुरोध छ।

**नामः शंकर कुमार साह**
**ठेगानाः जनकपुरधाम उ.म.न.पा.-१४**
**मो. नं. ९८१७८५२६४२**







## भूमि प्रशासन कार्यालय गौर, रौतहट

## मोहियानी हक दावी सम्बन्धी ३५ दिने सूचना

तपसिलको जग्गाको मोही पासपत ठाकुर नाम भगुवा मोही लगत कटा गरी पाउँ भनी कार्यवाहीको क्रममा ३५ पैतिस दिने सूचना जारी गरिएको छ। तपसिलका मोही वा हकवाला कोही भई भगुवा मोही लगतकटा गर्न नपर्ने भए सो सूचना जारी भएको मितिले ३५ दिन भित्र प्रमाण साथ लिखित हक दावी गर्न आउनु होला वा रीतपूर्वक वारेस कानून व्यवसायी पठाउनु होला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा यसै सूचनाबाट सूचित गरिन्छ।

**तपसिल**

| ज.ध. को नाम | जिल्ला | गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | कैफित |
|---|---|---|---|---|---|---|
| जगत प्रसाद यादव | रौ. | फतुवा हर्साहा | १ख | ८७ | ०-०-१८ | भगुवा मोही पासपत ठाकुर मौ. हर्साहा |

## मधेश प्रदेश सरकार
## भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
## कृषि विकास निर्देशनालय
## कृषि ज्ञान केन्द्र
## गौर, रौतहट

## प्रस्ताव आवाहन सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८३/०७/१०**

यस कृषि ज्ञान केन्द्र रौतहटको आ.व. २०८३/८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमका कार्यक्रमहरु संचालन गर्नु पर्ने भएकोले यस जिल्लाका इच्छुक लक्षित वर्गले आवेदन पेश गरेको कार्यक्रमको नाम स्पष्ट खुलाई माँग गरिएको कागजात सहित प्रथम पटक प्रकाशित मितिले ३० औं दिन (२०८३/०८/०९ गते) कार्यालय समय भित्र यस कृषि ज्ञान केन्द्र रौतहटमा आवश्यक कागजातहरु सहित प्रस्तावना पेश गर्न यो सूचना प्रकाशन गरिएको छ । साथै यो सूचना सँग सम्बन्धि विस्तृत सूचना यस केन्द्रको सूचना पाँटी तथा वेवसाईट https://akcrautahat.madhesh.gov.np मा हेर्न सकिनेछ । विस्तृत जानकारीको लागि ९८५५०४०१२९, ०५५५२०००१ मा सम्पर्क गर्न सकिनेछ । कार्यक्रमहरुको आवेदन/प्रस्ताव/स्वघोषणा फारामको नमूना ढाँचा यस कार्यालयको वेबसाइटको डाउनलोड अप्सनमा राखिएको छ ।

**तपसिल**

| सूचना नं. | कार्यक्रमहरुको नाम | लक्षित वर्ग |
|---|---|---|
| ०८।०८३-८४ | मूल्य श्रृंखलामा आधारित केरा खेती प्रवर्द्धन कार्यक्रम | कृषक/ उद्यमी/ फर्म/ समूह/ सहकारी/ कम्पनी/स्थानीय तह |
| ०९।०८३-८४ | अनुदानमा प्राङ्गारिक मल वितरण कार्यक्रम (८५% अनुदान) | कृषक/ उद्यमी/ फर्म/ समूह/ सहकारी |
| १०।०८३-८४ | माटो स्वास्थ्य सुधार कार्यक्रम | कृषक/ उद्यमी/ फर्म/ समूह/ सहकारी/ कम्पनी |

**नोट**: अधिकत्तम अनुदानको सिमा "मूल्य श्रृङ्खलामा आधारित केरा खेती प्रवर्द्धन कार्यक्रमको प्राविधिक मापदण्ड तथा सञ्चालन विधि, २०८३", अनुदानमा प्राङ्गारिक मल वितरण कार्यक्रम (८५%) अनुदान को प्राविधिकब मापदण्ड तथा संचालन विधि, २०८३, र माटो स्वास्थ्य सुधार कार्यक्रमको प्राविधिक मापदण्ड तथा संचालन विधि, २०८३ अनुसार हुनेछ । गत बिगत दुई आ.व. भित्र कुनै विषयमा अनुदान पाईसकेको व्यक्ति/संस्थाले सोहि बिषयमा पुनः अनुदान पाउने छैन । झुटो विवरण पेश गरेको प्रमाणित भएमा जुनसुकै बेला आवेदन रद्द गरिनेछ। प्रस्ताव स्वीकृति गर्ने सम्बन्धित सम्पूर्ण अधिकार यस ज्ञान केन्द्रमा निहित रहने छ ।

**प्रमुख**

# गाँजा बेच्ने दुईजना पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । गाँजाको स-साना पुरिया बनाएर बिक्रीवितरण गरेको आरोपमा धनुषा प्रहरीले दुई जनालाई पक्राउ गरेको छ । प्रहरीले उनीहरूको साथ तथा घरबाट कुल ४५३ ग्राम गाँजा बरामद गरिएको जनाएको छ।




जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार गणेशमान चारनाथ नगरपालिका-९ बरमझियाका ३२ वर्षीय अब्दुल रहमानले आफ्नै घरमा गाँजाको साना पुरिया बनाई प्रतिपुरिया १०० रुपैयाँमा स्थानीय युवालाई बिक्री गर्ने गरेको सूचनाका आधारमा प्रहरीले निगरानी बढाएको थियो।

सोही क्रममा इलाका प्रहरी कार्यालय सबैलाबाट खटिएको प्रहरी टोलीले आइतबार साँझ करिब ६ बजे रहमानको घरमा खानतलासी गर्दा बिक्रीका लागि तयार पारिएका कागजका ५५ वटा पुरियामा राखिएको ३६० ग्राम गाँजा बरामद गरेको प्रहरीले जनाएको छ। गाँजासहित पक्राउ परेका रहमानमाथि लागुऔषधसम्बन्धी मुद्दामा अनुसन्धान भइरहेको छ।

यसैगरी, जनकपुरधाम उपमहानगरपालिका-२० रूपैठाका ३५ वर्षीय रामललित साहलाई पनि गाँजासहित प्रहरीले पक्राउ गरेको छ । साहलाई १४ वटा पुरियामा राखिएको ९३ ग्राम गाँजासहित नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता तथा सूचना अधिकारी प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालका अनुसार दुवै घटनामा पक्राउ परेका व्यक्तिमाथि लागुऔषधसम्बन्धी अनुसन्धान भइरहेको छ।

यसैबीच जिल्ला प्रहरी कार्यालय धनुषाले विभिन्न मिति र स्थानबाट बरामद गरेका भन्सार छलीका सामानहरू आवश्यक कारबाहीका लागि जनकपुर भन्सार कार्यालयमा बुझाएको छ।

धनुषा प्रहरीका अनुसार प्रहरी टोलीले विभिन्न स्थानमा नियन्त्रणमा लिएका ३ लाख २२ हजार रुपैयाँ मूल्य बराबरको लताकपडासहित मोटरसाइकललगायतका सामग्री भन्सारमा बुझाएको हो।

प्रहरीले अवैध रूपमा भन्सार छली गरी सामान ओसारपसार गर्ने गतिविधि नियन्त्रण गर्न निगरानी तथा चेकजाँचलाई निरन्तरता दिँदै आएको जनाएको छ।

# सरकारी कर्मचारीले गाडी किन्न ६० लाखसम्म पाउने

**टुडे समाचारदाता**

जनकपुरधाम । सरकारी कर्मचारीलाई सवारीसाधन खरिदका लागि ६० लाख रुपैयाँसम्म सहुलियतपूर्ण ऋण र त्यसको ब्याज अनुदान सरकारले उपलब्ध गराउने तयारी अघि बढाइएको छ।



सरकारले ल्याउन लागेको 'सरकारी कर्मचारीहरूका लागि सवारी साधन व्यवस्थापन सम्बन्धी निर्देशिका, २०८३' निर्देशिकामा रु. २ लाखदेखि ६० लाख रुपैयासम्मको सहुलियतपूर्ण ऋण र त्यसको ब्याज अनुदान सरकारले उपलब्ध गराउने सहितको व्यवस्था गरिएको छ।

निर्देशिकामा मुख्यसचिव, सचिव तथा १२ औं तहका कर्मचारीले चारपाङ्गे सवारीसाधन खरिद गर्न रु. ६० लाखसम्म सहसचिव वा ११ औं तहका कर्मचारीले ५० लाख, उपसचिव वा नवौं-दशौं तहका कर्मचारीले ४० लाख, शाखा अधिकृत वा छैटौं-आठौं तहका कर्मचारीले दुईपाङ्गे सवारी खरिद गर्न चार लाख र राजपत्र अनङ्कित तथा सहायकस्तरका कर्मचारीले दुई लाख रुपैयाँसम्म ऋण सुविधा पाउनेछन्।

ऋणको ब्याज सरकारले व्यहोर्ने र साँवा सम्बन्धित कर्मचारीले किस्ताबन्दीमा तिर्नुपर्नेछ। कर्मचारीलाई सवारीसाधनको इन्धन तथा मर्मत खर्चसमेत पदअनुसार उपलब्ध गराइनेछ।

मुख्यसचिव, सचिव तथा १२ औं तहका कर्मचारीले वार्षिक एक लाख ४० हजार रुपैयाँ इन्धन र एक लाख रुपैयाँ मर्मत खर्च पाउनेछन् । सहसचिव वा ११ औं तहका कर्मचारीले इन्धनमा एक लाख २० हजार र मर्मतमा ७५ हजार, उपसचिव वा नवौं-दशौं तहले एक लाख र ५० हजार रुपैयाँ दिने व्यवस्था निर्देशिकामा छ।

त्यस्तै, शाखा अधिकृत वा छैटौं-आठौं तहका कर्मचारीले वार्षिक ४० हजार इन्धन र १५ हजार मर्मत खर्च पाउनेछन् । राजपत्र अनङ्कित तथा सहायकस्तरका कर्मचारीका लागि इन्धनमा २५ हजार र मर्मतमा १० हजार रुपैयाँ तोकिएको छ । यी रकम वार्षिक हुन् । मुख्यसचिव, सचिव र सहसचिव वा सोसरहका कर्मचारीले चालक राख्न वा आफैं सवारी चलाउन सक्नेछन् । आफैं चलाउनेले चालकको शुरु तलबमान बराबरको रकम पाउने व्यवस्था गर्न लागिएको छ।

सरकारले सरकारी सवारीसाधनको दोहोरो प्रयोग र सञ्चालन खर्च घटाउन कर्मचारीलाई व्यक्तिगत सवारी खरिदमा प्रोत्साहन गर्ने नीति लिएको छ । योजनामा सहभागी नहुने कर्मचारीका लागि कार्यालयमा उपलब्ध गाडीलाई साझा रूपमा प्रयोग गर्ने व्यवस्था गरिनेछ। प्रमुख जिल्ला अधिकारी, प्रमुख प्रशासकीय अधिकृत तथा सरकारले विशेष पदस्थापनका रूपमा तोकेका पदमा भने सरकारी सवारी उपलब्ध गराइने प्रशतावित निर्देशिकामा उल्लेख छ।

निर्देशिकाले विद्युतीय, स्वदेशमै उत्पादित तथा एसेम्बल गरिएका सवार ीसाधनलाई प्राथमिकता दिने, सरकारी कार्यालयमा चार्जिङ स्टेसन निर्माण गर्न नेपाल विद्युत प्राधिकरणसँग सहकार्य गर्ने र सवारीसाधनको विवरण तथा ऋण-भुक्तानीको अभिलेख डिजिटल प्रणालीमा राख्ने व्यवस्था गरिएको छ । सो निर्देशिका संघीय निजामती, स्वास्थ्य तथा संसद् सेवासहित तोकिएका संघीय निकायका स्थायी कर्मचारीमा लागू गर्न खोजिदैंछ । गलत विवरण पेश गरी दोहोरो सुविधा लिएमा सुविधा रोक्का गरी रकम असुलउपर गर्नुका साथै प्रचलित कानूनअनुसार कारबाही गर्ने सरकारी तयारी छ।

# वडाध्यक्ष अनवर पक्राउ



**टुडे समाचारदाता**

लहान । सिरहाको गोलबजार नगरपालिका-११ का वडाध्यक्ष सोहेव अनवर पक्राउ परेका छन् ।

गएराति गोलबजारबाट घरतर्फ जाँदै गर्दा वडा नं. ८ चोहर्वाबाट उनलाई प्रहरीले नियन्त्रणमा लिएको बुझिएको छ। पक्राउ परेका अनवरलाई जिल्ला प्रहरी कार्यालय सिरहाको हिरासतमा राखिएको छ।

सिरहा प्रहरीका अनुसार अनवरविरुद्ध जातीय, धार्मिक तथा साम्प्रदायिक एकतामा खलल पुऱ्याई सार्वजनिक शान्ति भंग गरेको तथा तोडफोड र आगजनी गराएको आरोपमा जाहेरी दर्ता भएको छ।

गत साउन १० गते सुनसरीको देवानगञ्जमा भएको हिंसात्मक घटनापछि त्यसको प्रभावस्वरूप सिरहाको गोलबजारमा समेत हिंसा, तोडफोड तथा आगजनी भएको घटनामा वडाध्यक्ष अनवरको भूमिका रहेको प्रहरीको दाबी छ।

उनीविरुद्ध हिन्दु सम्राट सेनाका कार्यकर्ताहरूले उजुरी दिएको प्रहरीले जनाएको छ। प्रहरीका अनुसार उनीमाथि लगाइएका आरोप प्रमाणित भएमा एक वर्षसम्म कैद र १० हजार रुपैयाँसम्म जरिवाना हुन सक्ने बताइएको छ।

# 'मिथिला सौन्दर्य प्रतियोगिता-सिजन २' आयोजना हुने

**टुडे समाचारदाता**

जनकपुरधाम । मिथिलाको कला,संस्कृति, भाषा र परम्पराको संरक्षण तथा प्रवर्द्धन गर्ने उद्देश्यले 'मिथिला सौन्दर्य प्रतियोगिता-सिजन २' आयोजना हुने भएको छ।




युवा प्रतिभाको व्यक्तित्व विकाससँगै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा मिथिलाको पहिचान स्थापित गर्ने लक्ष्यसहित बलराम ग्रुपको आयोजनामा हुन लागेको हो।

सांस्कृतिक सौन्दर्य प्रतियोगिताका रूपमा आयोजना हुन लागेको यस कार्यक्रममार्फत मिथिलाको परम्परागत पहिरन, मैथिली भाषा, मिथिला चित्रकला, लोकगीत, लोकनृत्य तथा सांस्कृतिक सम्पदालाई आधुनिक मञ्चमा प्रस्तुत गरिने आयोजकले जनाएको छ।

प्रतियोगितामा सहभागी हुने प्रतिस्पर्धीहरूलाई व्यक्तित्व विकास, नेतृत्व क्षमता, आत्मविश्वास, सार्वजनिक भाषण, मञ्च प्रस्तुति तथा फेसनसम्बन्धी विभिन्न तालिम प्रदान गरिने कार्यक्रमको अवधारणामा उल्लेख छ।

साथै, मिथिलाको इतिहास, चित्रकला, लोकगीत र परम्पराका विषयमा सांस्कृतिक अभिमुखीकरणासमेत गराइनेछ । प्रतियोगिताअन्तर्गत परम्परागत मिथिला पहिरन प्रदर्शन, प्रतिभा प्रस्तुति र सामाजिक प्रभावसम्बन्धी विशेष चरणहरू समावेश गरिएका छन्।

प्रतिभा प्रस्तुतितर्फ प्रतियोगीहरूले मैथिली लोकगीत, नृत्य, अभिनय, चित्रकलालगायतका कला प्रस्तुत गर्न सक्नेछन् । त्यस्तै, सामाजिक प्रभावसम्बन्धी चरणमा संस्कृति संरक्षण, समाजसेवा तथा स्थानीय विकासका विषयमा आफ्ना विचार राख्ने अवसर पाउनेछन्।

आयोजकका अनुसार प्रतियोगिताको उद्देश्य सौन्दर्यलाई बाह्य आकर्षणमा मात्र सीमित नराखी सांस्कृतिक ज्ञान, प्रतिभा, व्यक्तित्व, नेतृत्व क्षमता र सामाजिक उत्तरदायित्वसँग जोड्नु हो। यसले नयाँ पुस्तालाई आफ्नो भाषा, संस्कृति र परम्पराप्रति आकर्षित गर्दै तिनको संरक्षणमा सक्रिय भूमिका निर्वाह गर्न प्रेरित गर्ने विश्वास गरिएको छ।

मिथिलाको ऐतिहासिक, धार्मिक तथा पर्यटकीय स्थलहरूको प्रचारप्रसार र विभिन्न सामाजिक विषयमा जनचेतना अभिवृद्धि गर्नसमेत प्रतियोगिताले योगदान पुऱ्याउने लक्ष्य राखेको छ।

# सञ्चालनमा आउन थाले सरकारी बेवसाइटहरु

**टुडे समाचारदाता**

जनकपुरधाम । केही दिनदेखि प्राविधिक समस्याले बन्द रहेका नेपालका सरकारी वेबसाइटहरू समस्या समाधान भएसँगै पुनः सञ्चालनमा आउन थालेका छन्।




'पीएचपी' प्रणालीमा देखिएको सुरक्षा कमजोरीका कारण ठप्प बनेका सरकारी अनलाइन पोर्टलहरू अब सुचारु भएको आधिकारिक जानकारी दिएका छन् । अनलाइन पोर्टलहरू गत बिहीबारदेखि लगातार अवरुद्ध हुँदा इन्टरनेटमा आधारित कार्यसम्पादन सरकारी कार्यालयहरुको ठप्प नै भएको थियो।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालयअन्तर्गतको सफ्टवेयर विकास तथा सञ्चालन केन्द्रका अनुसारसुरक्षाजोखिमसँगसम्बन्धित सुरक्षा प्याचिङ, परीक्षण र प्रमाणीकरणको सम्पूर्ण काम सफलतापूर्वक सम्पन्न भएपछि वेबसाइटहरूले पुनः काम गर्न थालेका हुन् । यो सँगै हालसम्म एक हजारभन्दा बढी सरकारी डोमेनहरू पुनर्स्थापना भइसकेका छन् र ती अहिले सामान्य रूपमा सञ्चालन भइरहेका छन्।

प्राप्त विवरण अनुसार अर्थ मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय तथा स्वयम् प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलगायतका महत्त्वपूर्ण मन्त्रालय र निकायका वेबसाइट तथा अनलाइन सेवाहरू पूर्ण रूपमा सुचारु भइसकेका छन्।

पहिलो चरणमा प्रमुख सेवाहरूलाई लयमा फर्काइएको छ भने अझै सञ्चालनमा आउन बाँकी रहेका अन्य सेवाहरूलाई पनि छिट्टै पूर्ण क्षमतामा सञ्चालनमा ल्याउन प्राविधिक कर्मचारीहरूले अहिले तीव्र गतिमा काम गरिरहेको केन्द्रले जनाएको छ।

# बिहीवारदेखि देशैभरि वर्षा



**टुडे समाचारदाता**

जनकपुरधाम । बिहीबारदेखि शनिबार दिउँसोसम्म देशैभरि वर्षाको सम्भावना रहेको छ। नेपाल मौसम विज्ञान विभाग अन्तर्गतको मौसम पूर्वानुमान महाशाखाले यस्तो जनाएका हुन्।

महाशाखाका मौसमविद् रोजन लामिछानेले कात्तिक १२ गते बिहीबारदेखि पानी पर्नसक्ने सम्भावना रहेको बताउनुभयो। उहाँले भन्नुभयो, "बिहीबारदेखि पानी पर्न सक्ने सम्भावना । शनिबार बिहानसम्म वर्षा रहने र त्यसपछि मौसम सुधार हुने सम्भावना छ।"

उनले बङ्गालको खाडीमा चक्रवात बनिरहेकोले यसको प्रभाव नेपालसम्म पर्ने जानकारी दिएका छन्। उनले भने "बङ्गालको खाडीमा चक्रवात बनिरहेको छ, भारतको आसपासको राज्यहरुबाट विस्तार भइ नेपालतर्फ आउने र यसको प्रभावको कारणले पानी पर्न सक्ने सम्भावना देखिएको हो।"

भारतमा बनेको उक्त प्रणालीको सबैभन्दा बढी प्रभाव हिमाली र पहाडी भूभागमा हुने सम्भावना देखिएको उहाँको भनाइ छ। यससँगै तराई क्षेत्रहरुमा पनि यसको प्रभाव पर्ने देखिएको छ।

सो अवधिमा मध्यम वर्षाको सम्भावना धेरै देखिन्छ। थोरै ठाउँमा भारी वर्षा, एक, दुई ठाउँमा अति भारी वर्षाको सम्भावना रहेको उनको भनाई छ।

# धनुषाबाट असोजमा मात्रै १०१ जना पक्राउ, १५९ अपराध

**टुडे समाचारदाता**

जनकपुरधाम । गत असोज महिनामा मात्रै धनुषा जिल्लामा १५९ वटा अपराधसम्बन्धी घटना दर्ता भएको भने लागूऔषधसम्बन्धी १० वटा मुद्दामा ११ जना मानिस पक्राउ परेका छन्।




जिल्ला प्रहरी कार्यालय धनुषा तथा मातहतका प्रहरी कार्यालयबाट सम्पादित कार्यको विवरण अनुसार आत्महत्या सम्बन्धी १७, चोरीसम्बन्धी ७, सामाजिक अपराधसम्बन्धी ३४, महिला तथा बालबालिकासम्बन्धी १० र सवारी दुर्घटनासम्बन्धी ४ घटना दर्ता भएका छन् । जघन्य तथा गम्भीर अपराधतर्फ कर्तव्य ज्यानसम्बन्धी ४ घटना दर्ता भएको विवरणमा उल्लेख छ।

त्यस्तै, आर्थिक अपराधतर्फ बैंकिङ कसुरका ७, जुवातासका १, ठगीका २१ र मुद्रासम्बन्धी १ घटना दर्ता भएका छन्। यसबाहेक लागूऔषधसम्बन्धी मुद्दा, अभिलेखमा रहेका पुराना मुद्दा तथा अन्य शीर्षकका घटनासमेत प्रहरीको विवरणमा समेटिएका छन्।

प्रहरीले चालु मुद्दाका प्रतिवादी पक्राउ गर्ने अभियानलाई पनि निरन्तरता दिएको जनाएको छ । सार्वजनिक विवरणअनुसार धनुषामा चालु मुद्दाका १०१ जना प्रतिवादी पक्राउ परेका छन्।

सार्वजनिक चासो रहेका तथा पेन्डिङ अवस्थामा रहेका मुद्दाको अनुसन्धानमा समेत प्रहरीले काम गरेको छ । विवरणअनुसार सार्वजनिक चासोका १ हजार २७२ मुद्दामध्ये ८६ वटाको फछ्र्योट भएको उल्लेख छ।

सम्पत्ति शुद्धीकरणसम्बन्धी एक मुद्दा दर्ता भएको विवरणमा उल्लेख छ । फैसला कार्यान्वयनतर्फ १०३ जना प्रतिवादी पक्राउ परेका छन् । उनीहरूबाट १० वर्ष १ महिना ५ दिन कैद तथा ५७ लाख ८२ हजार ६६६ रुपैयाँ जरिवाना असुलउपर गर्नुपर्ने विवरणमा जनाइएको छ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिकसम्बन्धी शीर्षकमा असोज महिनामा ८४ वटा उजुरी परेको विवरणमा उल्लेख छ। उमेर समूहका आधारमा १८ वर्षमुनिका २, १९ देखि २५ वर्षका ३०, २६ देखि ४० वर्षका ३२, ४१ देखि ५९ वर्षका १३ र ६० वर्षमाथिका ७ जना पीडित रहेको तथ्यांक सार्वजनिक गरिएको छ।

हराएका तथा फेला परेका महिला, पुरुष, बालबालिका र ज्येष्ठ नागरिकसम्बन्धी विवरणअनुसार ६९ जना हराएको र ४९ जना फेला परेको उल्लेख छ। हराएका व्यक्तिको खोजी तथा उद्धारलाई प्रहरीले प्राथमिकतामा राखेको जनाएको छ।

यस्तै लागूऔषध नियन्त्रणतर्फ प्रहरीले असोज महिनामा १० वटा मुद्दा दर्ता गरी ११ जनालाई पक्राउ गरेको जनाएको छ बरामद लागूऔषधमा १०८ किलोग्राम गाँजा र २०४.७७ ग्राम ब्राउन सुगर (खैरो हेरोइन) रहेको विवरणमा उल्लेख छ।

यसका अतिरिक्त नाइट्राजेपाम, डाइजेपाम, प्रोक्सिहम-स्पास, आई-कोफलगायतका औषधि तथा विभिन्न प्रकारका ट्याब्लेट र एम्पुलसमेत बरामद गरिएको जनाइएको छ । चरेस र अफिम भने उक्त विवरणमा बरामद नभएको उल्लेख छ।

प्रहरी कार्यालयमा परेका ठाडो उजुरीतर्फ प्रत्यक्ष रूपमा प्रहरी कार्यालयमा ८६८ वटा उजुरी परेकोमा ५८२ वटा फछ्र्योट भएका छन् भने २८६ वटा बाँकी रहेका छन् । जिल्ला प्रशासन कार्यालयमार्फत प्रहरी कार्यालयमा आएका ३० उजुरीमध्ये १९ वटा फछ्र्योट भएका छन् र ११ वटा बाँकी रहेका छन्। प्रत्यक्ष रुपमा प्रहरीमा ८३८ उजुरी परेको छ जसमा ८५३ वटा फछ्र्योट भएको र २७५ वटा बाँकी रहेको विवरणमा उल्लेख छ।

# दशैंमा ९ खर्बले नगद मुद्रा प्रवाह

**टुडे समाचारदाता**

काठमाण्डू । दसैंको लामो सार्वजनिक बिदा र विपद्ले सिर्जना गरेको अतिरिक्त मागका कारण यस वर्ष नेपाली बजारमा नगद प्रवाह अन्य वर्षभन्दा बढेको छ।



नेपाल राष्ट्र बैंकको तथ्यांक अनुसार दसैं सुरु हुनुअघि असोज १ गतेसम्म कुल आठ खर्ब चार अर्ब रुपैयाँ रहेको चलनचल्तीको मुद्रा बढेर अहिले नौ खर्ब रुपैयाँको नजिक करिब आठ खर्ब ९५ देखि ९६ अर्ब पुगेको छ।

यसअघिका वर्षहरूमा चाडपर्वका बेला ३५ देखि ५० अर्ब रुपैयाँसम्म मात्रै थप नगद बजारमा जाने गरेकोमा यसपटक दसैंको अवधिमा मात्रै करिब ९७ देखि ९८ अर्ब रुपैयाँ थपिएको अनुमान गरिएको छ, जुन अघिल्ला वर्षहरूको तुलनामा निकै उच्च हो।

चाडपर्वमा खाद्यान्न, लत्ताकपडा, यातायात, दक्षिणा र पूजाआजामा हुने अत्यधिक खर्चका साथै सार्वजनिक बिदामा बैंकिङ सेवा सीमित हुने भएकाले सर्वसाधारणले अग्रिम रूपमा नगद झिकेर राख्ने प्रवृत्तले मुद्रा प्रवाह बढाएको हो।

यस वर्ष बाढीपहिरोका कारण सडक अवरुद्ध हुँदा यात्रामा बढी नगद बोक्नुपर्ने बाध्यता र प्रभावित क्षेत्रमा घर, पसल तथा सहकारीमा रहेको नगद नष्ट हुँदा बैंकबाट पुनः रकम झिक्नुपरेको अवस्थाले पनि नगदको मागमा थप दबाब सिर्जना गरेको छ । त्यस्तै, दसैंलाई लक्षित गर्दै साना दरका मात्रै १५ अर्ब १३ करोड रुपैयाँभन्दा बढीका नयाँ नोटहरू समेत सटही भइसकेका छन्।

तथापि, चलनचल्तीको मुद्रा नौ खर्ब नजिक पुग्नुको अर्थ अर्थतन्त्रमा त्यति नै नयाँ नोट छापिई थपिएको भन्ने नभई बैंकमा रहेको निक्षेप नगदका रूपमा झिकिँदा यो आकार बढेको हो । यसले एकातर्फ चाडपर्वको बेला आर्थिक गतिविधि अत्यधिक तीव्र बनेको देखाएको छ भने अर्कातर्फ सर्वसाधारण तथा व्यवसायीमा बैंकिङ प्रणालीबाहिर नगद होल्ड गरेर राख्ने प्रवृत्ति बढेको संकेत गरेको छ।

चाडपर्व सकिएसँगै खर्च नभएको यस्तो नगद पुनः बैंकहरूमा निक्षेपका रूपमा फर्कन थाल्ने र यसले आगामी दिनमा बजारको तरलता तथा बैंकिङ प्रणालीको अवस्थालाई सामान्य बनाउँदै लैजाने अपेक्षा गरिएको छ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८